म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ९४ २०८१ फागुन ९ गते शुक्रबार 21 February 2025, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

महिला अधिकारको सम्मान गरौं

- महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तिकरणमा ध्यान दिऔं,
- लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वयन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पाठेघरको मुखको क्यान्सरविरूद्धको खोप

बागमतीका ८६ प्रतिशत किशोरीले खोप लगाए

समाज संवाददाता

हेटौंडा : सरकारले सञ्चालन गरेको पाठेघरको मुखको क्यान्सरविरूद्धको एचपिभी खोप अभियानमा बागमती प्रदेशका लक्षित किशोरीमध्ये ८६ प्रतिशतले मात्रै खोप लगाएका छन् । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार प्रदेशका १३ जिल्लाका दुई लाख ५६ हजार १९१ जनाले मात्रै खोप लगाएका हुन्। अभियानमा दुई लाख ९८ हजार ९०५ जना किशोरीलाई खोप लगाउने लक्ष्य राखिएको थियो। अभियान गत २२ माघदेखि शुरू भएर ६ फागुनमा सकिएको हो।

१३ जिल्लामध्ये लक्ष्यको सबैभन्दा बढी नुवाकोटमा शतप्रतिशत किशोरीहरुले खोप लगाएका छन्। मन्त्रालयका अनुसार नुवाकोटमा ११ हजार १७८ जनालाई खोप लगाउने लक्ष्य लिइएकोमा अभियानको अन्तिम दिन फागुन ६ गतेसम्म ११ हजार १६० जना किशोरीहरुले खोप लगाएका हुन्। यस्तै दोलखामा लक्षित किशोरीमध्ये ९९ प्रतिशतले खोप लगाएका छन् । दोलखामा छ हजार ५२० जना किशोरीलाई खोप लगाउने लक्ष्य राखिएकोमा छ हजार ४८० जनाले खोप लगाएका हुन्।

यसैगरी, रामेछापका सात हजार ७८ जना किशोरीलाई खोप लगाउने लक्ष्य राखिएकोमा ६ हजार ९५२ अर्थात् ९८ प्रतिशत, सिन्धुपाल्चोकका १० हजार ४६८ मध्ये १० हजार ११७ अर्थात् ९७ प्रतिशत, सिन्धुलीका १४ हजार ६२२ मध्ये १४ हजार ८२ अर्थात् ९६ प्रतिशत, बागमती प्रदेशमा सबैभन्दा कम रसुवाका एक हजार ६८६ जनामा एक हजार ६२० अर्थात् ९६.१ प्रतिशतलाई एचपिभी खोप लगाइएको प्रदेश स्वास्थ्य मन्त्रालयले जनाएको छ।

यस्तै मन्त्रालयका अनुसार काभ्रेका १६ हजार ११३ जनामा १५ हजार ५१५ अर्थात् ९६ प्रतिशत, धादिङका १४ हजार ५७३ जनामा १३ हजार ८२४ अर्थात ९५ प्रतिशत, मकवानपुरका २२ हजार ७१३ जनामा २० हजार ९३ अर्थात ८८ प्रतिशत, चितवनका ३१ हजार ५७० जनामा २६ हजार ४४७ अर्थात ८४ प्रतिशत किशोरीले खोप लगाएका छन्।

भक्तपुरका १९ हजार २९५ जनामा १६ हजार ३७६ अर्थात ८५ प्रतिशत, प्रदेशमा सबैभन्दा बढी काठमाडौंका एक लाख ११ हजार १०४ जनामा ८८ हजार १०८ अर्थात ७९ प्रतिशत र ललितपुरका ३१ हजार ९८५ जनामा २५ हजार ११७ जना अर्थात ७९ प्रतिशत किशोरीले एचपिभी खोप लगाएका छन्। अभियानका क्रममा ६ कक्षादेखि १० कक्षासम्म अध्ययनरत छात्रा र विद्यालयबाहिर रहेका १० देखि १४ वर्षका किशोरीलाई स्थानीय तहमा रहेका केन्द्रहरूमार्फत खोप प्रदान गरिएको छ।

खोप अभियान सञ्चालनका लागि प्रदेशमा आठ हजार ७३६ स्वयंसेवक र चार हजार ३२४ जना कर्मचारी खटाइएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ । अभियानमा खोप लगाउन छुटेका किशोरीलाई नजिकैको स्वास्थ्य संस्थाबाट खोप लगाउने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

जापानिज भाषा परीक्षा हेटौंडामै हुने, शुक्रबारसम्म फारम भर्ने म्याद

भाषा परीक्षा सञ्चालन सम्बन्धी सम्झौतापत्र आदानप्रदान गरिँदै ।

समाज संवाददाता

हेटौंडा : जापान जान चाहने विद्यार्थीका लागि जापानिज भाषाको परीक्षा अब हेटौंडामा पनि हुने भएको छ। नेपालमा जापानिज भाषाको परीक्षा लिने संस्था जे-सर्ट नेपालसँग नेपाल शैक्षिक परामर्श संघ (इक्यान) मकवानपुरले गत शुक्रबार सम्झौता गरेर हेटौंडामा पनि भाषा परीक्षा लिने व्यवस्था गरेको हो । यसअघि जापानिज भाषा परीक्षाका लागि विद्यार्थीहरु चितवन या काठमाडौं जान बाध्य थिए।

जे-सर्ट र इक्यान मकवानपुरबीचको सम्झौतासँगै आगामी मार्च १ मा हुने परीक्षाका लागि शुक्रबारसम्म विद्यार्थीले फारम भर्न पाउने छन् । बिहीबारसम्म झण्डै एक सय विद्यार्थीले भाषा परीक्षाका लागि फारम भरेका छन् भने शुक्रबार सम्ममा एक सय ४० जना विद्यार्थीले फारम भर्ने अपेक्षा गरिएको इक्यान मकवानपुरका अध्यक्ष बेलप्रसाद खतिवडाले जानकारी दिनुभयो । पहिलो पटक हुन लागेको परीक्षाका लागि सर्लाहीदेखि रौतहट, बारा, पर्सा जिल्लाका विद्यार्थीले समेत परीक्षा फारम भरेको खतिवडाले बताउनुभयो।

गत शुक्रबार इक्यान मकवानपुरका अध्यक्ष बेलप्रसाद खतिवडा र परीक्षा संयोजक सुरज लामाले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो भने जे-सर्ट नेपालको तर्फबाट निर्देशक श्रीराम गिरी र महेशकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको थियो। भाषा परीक्षा हेटौंडा-५, पिप्लेस्थित हेटौंडा सिटी कलेजमा हुनेछ। मार्च १ मा बिहान ८ बजेदेखि ११ बजेसम्म ३ घण्टाको भाषा परीक्षा हुनेछ। भाषा परीक्षामा उत्तीर्ण हुन ५० अंक प्राप्त गर्नुपर्ने छ। ५० देखि ६९ अंक हासिल गर्दा जापानिज भाषामा एन-५ तह उत्तीर्ण हुनेछ भने ७० भन्दा बढी अंक हासिल गर्दा एन-४ तह उत्तीर्ण हुनेछ।

बागमती सरकारले छन्यो १२ खेलका २६ स्वयंसेवक प्रशिक्षक

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश खेलकुद विकास परिषद्ले प्रदेश स्वयंसेवक प्रशिक्षक छनौट गरेको छ। परिषद्ले फागुन ६ मा एक सूचना जारी गर्दै विभिन्न खेलका २६ जना स्वयंसेवक प्रशिक्षक छनौट गरेको हो।

परिषद्का सदस्य-सचिव दीपक लामाका अनुसार गत पुसमा स्वयंसेवक प्रशिक्षक नियुक्ति गर्ने निर्णयसहित प्रक्रिया अघि बढाएको थियो। १२ विधाका खेलका फागुन २ मा सूचना आह्वान गरी प्राप्त निवेदनका आधारमा छनौट गरिएको सदस्य सचिव लामाले जानकारी दिनुभयो। प्राप्त निवेदनको आधारमा अन्तरवर्ता, शारीरिक तन्दुरुस्ती लगायत परीक्षण गरी स्वयंसेवक प्रशिक्षकको अन्तिम नामावली प्रकाशन गरेको उहाँको भनाई छ।

चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वयंसेवक प्रशिक्षकहरु सूचीकृत गरी छनौट गर्नुपर्ने र कार्यक्षेत्रमा खटाउनुका लागि गत पुस ५ मा सूचना जारी गरेको उहाँले बताउनुभयो। बागमती प्रदेशको स्वयंसेवक प्रशिक्षक परिचालन कार्यविधि-२०८१ को दफा ११ को उपनियम (१) अनुसारको प्राप्त आवेदन मार्फत् फागुन २ मा संक्षिप्त सूचि तयार गरिएको हो । सो सूचिका आधारमा फागुन ५ गतेमा अन्तरवार्ता तथा शारीरिक तन्दुरुस्ती परीक्षण गरी अंक निर्धारण गरी नामावली प्रकाशन गरिएको उहाँले बताउनुभयो।

परिषद्ले करातेमा ४, उसुमा ३, एथ्लेटिक्समा १, तेक्वान्दोमा २, भलिबलमा १, फुटबलमा १, बक्सिङमा ३, टेबलटेनिसमा २, नेटबलमा २, व्याडमिन्टनमा २, फुलकन्ट्याक्ट करातेमा ४ र आईटिएफ तेक्वान्दोमा १ जना स्वयंसेवक प्रशिक्षक नियुक्तिका लागि सूचना आह्वान गरेको थियो। जस अनुसार आइटिएफ तेक्वान्दोका लागि प्रभुदेव शिवाकोटी, उसुतर्फ विश्वनाथ पाठक, रमेश सुवाल, शर्मिला कारन्जित सफल उम्मेदवार रहेका छन् । एथ्लेटिक्समा रमेश सुनार, कराँतेमा रविन्द्र मानन्धर, रोदन राना मगर, मनिषा रानाभाट, कमल घले, टेबलटेनिसमा आशिष अवाले, र विना देसार, तेक्वान्दोतर्फ केशर बहादुर पहरी, शरण घले तामाङ छनौट भएका छन्। भलिबलतर्फ उत्सव खड्का, सुरज भुजेल, व्याडमिन्टनमा चन्दन घले, रविन्द्र भुजेल, नेटबलतर्फ एलिसा शाही, फुटबलतर्फ नदिम देसार, फुल कन्ट्याक कराँते जयराम भुलुन, जय देसार, धनबहादुर तामाङ, राजु तामाङ र बक्सिङतर्फ अजित गुरुङ, सूवर्ण सापकोटा, किशोर खत्री छनौट भएका छन्।

त्यस्तै उसुतर्फ मन्जुर महर्जन, प्रेमचन्द्र दर्लामी मगर, एथलेटिक्सतर्फ सपना आचार्य, कराँतेमा सुशान्त मोदक, रश्मिमाया लामा, टेबलटेनिसमा सुनिल महर्जन, तेक्वान्दोमा निरुकुमारी मगर, फुलकन्ट्याक कराँतेमा सन्तोष कुमार लामा, विजय राई र बक्सिङमा महेश रिजाल, रमेश दास श्रेष्ठ वैकल्पिक सूचिमा रहेका छन्।

उहाँका अनुसार छनौट भएका प्रशिक्षकहरु नियुक्त गरी माग भएका जिल्लाहरुमा खटाइने छ । प्रदेशका १३ जिल्लामा खेलाडी प्रशिक्षणका लागि नियुक्त भएका स्वयम्सेवक प्रशिक्षकहरु खटाइने उहाँले जानकारी दिनुभयो । स्वयंसेवक प्रशिक्षकले सेवा गरे वापत मासिक २२ हजार रुपैयाँ पारिश्रमिक प्राप्त गर्ने छन्। छनौट भएका स्वयंसेवक प्रशिक्षकलाई ६ महिनाको करार नियुक्त गरिने र सो पश्चात आवश्यकताका अनुसार पुनः करार नवीकरण गरिने छ।

दुर्घटनामा एकको मृत्यु

समाज संवाददाता

हेटौंडा : काभ्रे जिल्लाको तेमाल गाउँपालिका-३, कुन्डोलमा बस दुर्घटना हुँदा काभ्रे जिल्लाको तेमाल गाउँपालिका-१ का ५० वर्षीय रामसिं तामाङको मृत्यु भएको छ। तामाङ बसको साहु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

जन्ती पुऱ्याएर फर्कने क्रममा ना ४ ख ८८१७ नम्बरको खाली बस टर्निङमा व्याक गर्ने क्रममा २ सय मिटर तल खसेको प्रहरीको भनाइ छ। तामाङको घटनास्थमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । यस्तै बसका चालक मकवानपुर जिल्लाको बागमती गाउँपालिकाका ५० वर्षीय कृष्ण ब्लोन गम्भीर घाईते भएका छन्। ब्लोनलाई उपचारका लागि धुलिखेल अस्पताल पठाईएको छ।

भीरबाट लडेर पाख्रिनको मृत्यु

समाज संवाददाता

हेटौंडा : बुधबार राती मकवानपुर जिल्लाको थाहा नगरपालिका-७, भट्टीडाँडा भीरबाट लडेर थाहा नगरपालिका-५, नलिबनका ३२ वर्षीय राजकुमार पाख्रिनको मृत्यु भएको छ। भट्टीडाँडास्थित खाजाघर पछाडी पिसाब गर्न गएका पाख्रिनको भिरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। पाख्रिनको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल लगिएको छ।

गाँजासहित मनहरीबाट एकजना पक्राउ

इलाका प्रहरी कार्यालय
परित्राणाय साधुना विनाशाय च दु
ला.औ गाँजा
१० किलो ९२० ग्राम
मोबाइल थान-२।

लागूऔषध गाँजासहित पक्राउ परेका चन्दन चौधरी ।

समाज संवाददाता

हेटौंडा : अवैध लागूऔषध गाँजासहित पर्सा जिल्लाको जिरा भवानी गाउँपालिका-५ का २५ वर्षीय चन्दन चौधरी मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-७, प्याङ्चेबाट पक्राउ परेका छन्। बुधबार बिहान ८ बजेर ३० मिनेटको समयमा चौधरीलाई प्रहरीले लागूऔषध गाँजा १० किलो ९२० ग्रामसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

मकवानपुरको राक्सिराङ गाउँपालिकाको चैनपुरबाट मनहरीतर्फ आउँदै गरेका चौधरीलाई प्रहरीले तलासी गर्दा गाँजा बरामद भएको बताइएको छ । प्रहरीले चौधरीलाई हिरासतमै राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ । मकवानपुरको राक्सिराङ, कैलाश गाउँपालिका अवैध लागूऔषध गाँजा र अफिमको व्यावसायिक उत्पादन हुने क्षेत्र हो। लागूऔषध गाँजा र अफिमको व्यापक खेती भए पनि स्थानीय सरकार, प्रहरी, प्रशासनले नियन्त्रणका लागि प्रभावकारी योजना ल्याउन सकेको छैन।

हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality सँगैँ समयमै Delivery
को मामलामा पनि No Compromise"

शोभायात्राः
मिति :२०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

सम्पादकीय

विद्यालयमा खेलकुद आवश्यक

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नारा हरेक खेल गतिविधिसँग जोड्ने गरिएको छ । नेपालमा धेरै प्रकारका खेलहरु खेलिन्छन् । प्राय: सबै खेलका आधिकारिक संघहरु क्रियाशील छन् । संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारले खेलकुदलाई उच्च प्राथमिकतामा राखेको भन्ने गरेको छ । तर, अधिकांश खेलको व्यवस्थित र प्रभावकारी प्रशिक्षण तथा नियमित प्रतियोगिता हुन सकेको छैन । धेरैजसो फुटबल, भलिबल, क्रिकेटजस्ता खेलहरुकै प्रतियोगिता हुने गरेको छ । खेलाडी तथा दर्शकसमेत यिनै खेल खेल्न र हेर्न इच्छुक देखिने गरेका छन् । खेलाडी बन्ने लक्ष्य लिएकाहरुलाई अन्य खेलतर्फ खासै आकर्षण गर्न सकिएको छैन । सानैदेखि कुनै खेलप्रति आकर्षित हुनेहरु नै त्यस खेलको खेलाडी बन्न सक्छन् । यसका लागि विद्यालय तहबाटै बालबालिकालाई उनीहरुको रुचि तथा क्षमताअनुसारको खेल अभ्यास तथा प्रतिस्पधाको अवसर प्रदान गर्न सक्नुपर्छ ।

निश्चित उमेर समूहका बालबालिकाहरु दैनिक उपस्थित भइ शिक्षा आर्जन गर्ने स्थान विद्यालय हो । विद्यालयमा दैनिक पठनपाठनको अतिरिक्त, सहपाठी सिकाइ, अतिरिक्त क्रियाकलाप, खेलकुद, नाचगानमार्फत् बालबालिकालाई अधिकतम ज्ञान तथा सीप प्रदान गरी उनीहरुको सक्षमता बढाउने गरिन्छ । विद्यालयमा विभिन्न क्षेत्र, लिङ्ग, वर्ग, संस्कृति र सामाजिक परिवेशका बालबालिका अध्ययन गर्न आउँदछन् । उनीहरुलाई पाठ्यक्रममा आधारित सिकाइका साथै खेल तथा मनोरञ्जनको माध्यमबाट उनीहरुको चौतर्फी विकास गराउन सकिन्छ । यसका लागि विद्यालयले विभिन्न अतिरिक्त क्रियाकलाप, परियोजना कार्य, सिर्जनात्मक कार्य, खेल अभ्यास र प्रतियोगिताहरु सञ्चालन गर्नु आवश्यक छ । तर, सरकारले शिक्षामा सिमित लगानी गरेका कारण हाम्रा सामुदायिक विद्यालयहरुले यस्ता गतिविधि गर्न सहज छैन । सरकारले विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि न्यूनतम बजेटमात्र उपलब्ध गराउने भएकाले विद्यालय स्वयम्ले विद्यार्थीलाई सबै प्रकारका खेल तथा अन्य अतिरिक्त क्रियाकलापको अभ्यास तथा प्रतिस्पर्धामा सहभागी गराउन सक्ने अवस्था देखिँदैन ।

विद्यालयले चाहेअनुरुप विभिन्न खेलका आधारभूत सीप, नियम सिकाएर राम्रो खेलाडी उत्पादन गर्न सक्ने तथ्यलाई मनन गरेर हेटौंडा उपमहानगर पालिकाको ४ नम्बर वडा कार्यालयले गतवर्षदेखि वडास्तरीय खेलकुद महोत्सव आयोजना गर्न थालेको छ । गत वर्ष २ दिन खेल महोत्सव आयोजना गरेको वडा कार्यालयले यस वर्ष एक महिनासम्म विभिन्न रचनात्मक, सिर्जनात्मक क्रियाकलापसँगै एथ्लेटिक्ससँगै विविध खेलकुद कार्यक्रमको सफल सञ्चालन गरेको छ । वडा कार्यालयकै पहलमा वडाभित्रका ५ संस्थागत तथा ३ सामुदायिक विद्यालयका प्रधानाध्यापकको सहभागितामा शैक्षिक गुणस्तर सुधार समिति गठन गरेर सोही समितिको व्यवस्थापनमा खेलकुद तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । वडा कार्यालयले यसवर्ष नगरस्तरीय फुटबल, भलिबल, बास्केटबल र क्रिकेट प्रतियोगिता आयोजना गरेर उपमहानगरका सबै विद्यालयका विद्यार्थीलाई प्रोत्साहन गरेको छ ।

खेलकुद विकास र खेलाडी उत्पादनको आधारभूत स्थान विद्यालय हो । सरकारले पनि वर्षौं अघिदेखि विद्यालयका विद्यार्थी सहभागी गराएर वर्षेनि रनिङशिल्ड प्रतियोगिता गर्दै आएको छ । अहिले राष्ट्रपति रनिङशिल्डको नामबाट पालिका, जिल्ला, प्रदेश हुँदै संघीय तहसम्म प्रतिस्पर्धा हुने गरेको छ । सरकारले विद्यालय तहबाटै खेलकुदलाई प्रोत्साहन गर्नुपर्ने बुझेको भए पनि त्यसको लागि आवश्यक नीति, कार्यक्रम, पूर्वाधार र बजेटको भने व्यवस्थापन गर्न सकेको छैन । देश विकासका लागि दक्ष जनशक्ति उत्पादनको आधारशीला रहेको विद्यालयबाटै खेलकुदको विकास र खेलाडी उत्पादन सहज हुने निश्चित छ । खेल शिक्षकसहित विद्यालयमा खेल सामग्रीको व्यवस्थापन गर्दै वडा तहबाटै विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्ने हो भने देशले धेरै खेलका कुशल खेलाडी पाउन सक्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	चित्लाङ इलाका	६२१०००
जिल्ला प्रहरी कन्ट्रोल	१००	वारुण यन्त्र	१०१
ट्राफिक प्रहरी	१०३	बालबालिका खोजतलास केन्द्र	१०४
वडा प्रहरी	५२०२९९	बाल हेल्पलाइन	१०९८
पशुपतिनगर इलाका	५२०५९८	हेलो सरकार	११११
मनहरी इलाका	९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ	१९७
भीमफेदी इलाका	६९१४६२	एम्बुलेन्स	१०२
पालुङ इलाका	६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो	११५०
फापरबारी इलाका	६२१९८०		

तपाईको राशिफल

पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : सिर्जनात्मक एवम् रचनात्मक काममा समय बित्ला ।
वृष : आध्यात्मिक एवम् सामाजिक काममा मन जाने समय छ ।
मिथुन : सामाजिक एवम् व्यवहारिक जिम्मेवारी थपिएला ।
कर्कट : सापटीमा धन प्रवाह नगर्दा राम्रो रहने योग छ ।
सिंह : लेखाइ–पढाइ मध्यमकारक मान्नुपर्दछ ।
कन्या : सामाजिक एवम् धार्मिक काममा सरिक भइने समय छ ।
तुला : धार्मिक यात्रा योगमा सरिक भइने समय योग छ ।
वृश्चिक : शिक्षार्थीले अझै परिश्रम गर्नुपर्ने समय छ ।
धनु : कडा परिश्रमले काममा पूर्णता प्राप्त होला ।
मकर : धार्मिक यात्रा योगमा सरिक भइने समय छ ।
कुम्भ : धार्मिक एवम् सामाजिक काममा समय बित्ला ।
मीन : आफन्तको इच्छा र चाहनालाई बेवास्ता नगर्दा राम्रो ।

बालमैत्री स्थानीय शासनको सामयिकता, सान्दर्भिकता र वास्तविकता

रमेश प्रसाद लामिछाने

१. 'आजका बालबालिका भोलिका राष्ट्रका कर्णधार हुन्' भन्ने भनाई हामीले धेरै वर्ष पहिलेबाट सुन्दै र पढ्दै आएका हौं । निश्चय नै, बर्तमानमा यो राष्ट्रका नेतृत्व गरिरहेका, सरकारका मन्त्रिहरु, उच्च पदस्थ कर्मचारीहरु र सबै जिम्मेवार पदाधिकारीहरु कुनैबेला बालबालिका थिए । त्यस्तै, आजका ससाना केटाकेटीहरु भविष्यका यो मुलुकका नेतृत्वकर्ता बन्ने छन् र संवाहक हुनेछन् । वर्तमानका यिनै बालबालिकामा यो राष्ट्रको समृद्धि निर्भर गर्दछ । बिगतमा बालमैत्री अवस्थाका चर्चा बिरलै सुनिन्थे । केटाकेटीका लागि तत्कालिन स्थिति पनि सकारात्मक थिएन । खानपिनका बारेमा, लगाउने ड्रेसका सवालमा, केटाकेटीको स्वास्थ्य अवस्था र पढाई लेखाई अर्थात शिक्षाका बारेमा कोहि गम्भिर बन्दैनथे । क्रमश: परिस्थितिमा सुधार हुँदै आएको हो । आज प्रत्येक पाईलामा बाल अधिकारको चर्चा सुन्न सकिन्छ । राष्ट्र संघीय बाल अधिकार सम्बन्धि घोषणा पत्रमा सन १९९०मा नेपालले हस्ताक्षर गरे पश्चात यहाँ बाल अधिकार एक विषय बनेको तथ्य सर्बविदितै छ । सन १९९२ को बालबालिका ऐन, सन १९९५मा नियमावली र सन १९९९ मा ऐनमा नै बालश्रम निषेध गर्ने ब्यवस्था थप स्मरणीय कानूनी ब्यवस्थाका महत्वपूर्ण र उल्लेखनीय दस्ताबेजहरु भन्नै पर्दछ । यी ब्यवस्थालाई सकारात्मक रुपमा लिन सकिन्छ ।

२. हाम्रो मुलुकमा, बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति-२०६८ निर्माण पश्चात बालमैत्री वातावरणका पक्षमा योजनाबद्ध कार्यक्रम देखिन थालेका छन् । नेपालको संविधान-२०७२ ले बालबालिकाका हकमा बाल अधिकारका सबालमा मौलिक अधिकारका अतिरिक्त शिक्षा स्वास्थ्यको सुनिश्चितता गरेको छ । पछिल्ला वर्षहरुमा बाल मैत्री शिक्षाको आवाज प्रखर बनेको छ । बाल मैत्री हुन वा बनाउनका लागि सरकारले निश्चित सूचकहरु निर्धारण गरेको छ । बालमैत्री स्थानिय शासनका लागि ५१ वटा सूचकहरु तोकिएका छन् । त्यसैगरि, बालमैत्री बिद्यालयका लागि पनि यी मापदण्डहरु किटानी गरिएका छन् । अस्पताल वा स्वास्थ्य चौकीमा नै जन्म हुँदा सुरक्षित मातृत्व र शिशुको सुस्वास्थ्यका लागि जोड दिईएको स्थिति अर्को महत्वपूर्ण सन्दर्भ भन्नै पर्दछ । बालमैत्री स्थानिय शासनका सूचकहरु मध्ये पहिलोमा बालबालिकाको संरक्षणसँग जोडिएका विषयहरु जस्तो बाल बिवाह, बाल श्रम, समुदायमा आधारित बाल सुरक्षाका पक्षहरु, जरुरी खोपहरु, लगायतका कुराहरु तोकिएका छन् । शिक्षा सँग जोडिएका विषयवस्तुहरु जस्तो स्कूल भर्ना, दण्डरहित शिक्षा, ड्रप आउटको अन्त्य, बालमैत्री फर्निचर र कोठा सहितका ब्यवस्थित भवन आदि किटानी गरिएका छन् । त्यस्तै राम्रो स्वास्थ्य अर्को महत्वपूर्ण र अनिवार्य शर्त रहेको छ । स्वास्थ्यका आधारभूत कुराहरुको सुनिश्चितता अन्तर्गत स्वस्थ वातावरण, स्वच्छ पानी, पोषणयुक्त खानेकुरा आदि निर्धारण गरिएका छन् । त्यस्तै बाल सहभागिताका सबाललाई प्राथमिकतामा राखिएको छ । स्थानिय विकासका बिविध क्षेत्रहरुमा बाल आवाजको सुनुवाईलाई महत्वपूर्ण सूचकको रुपमा समावेश गरिएको छ ।

३. निश्चय नै, बालबालिकाको सबालमा प्रस्तुत राष्ट्रिय रणनीति राम्रा छन् । नीति र कार्यक्रम मात्र राम्रा भएर पुग्दैन, ब्यवहारमा कार्यान्वयन हुँदामात्र यो सार्थक बन्न सक्छ । सर्वप्रथमत: उनीहरुको स्वास्थ्य प्रमुख पक्ष हो । राम्रो स्वास्थ्यका लागि उपयुक्त वातावरण, पोषणयुक्त खाना, बिरामी पर्दा आवश्यक उपचार आदि नभै हुँदैन । केटाकेटीहरुको संरक्षण र उचित हेरचाह नै सबैभन्दा महत्वपूर्ण कुरा हो । कुनैपनि कारणले विद्यालय जाने उमेरका बालबालिका स्कूल बाहिर रहँनै हुन्न भन्ने मान्यतामा कसैको बिमति छैन । बालबालिकाको सिकाईमा अभिभावक गम्भिर हुनैपर्छ । घर पहिलो पाठशाला भनिन्छ । तब मात्र, स्कूलको समग्र बातावरण बालमैत्री छ वा छैन, नभए बनाउनै पर्ने हुन्छ । बच्चाहरुले खेल्दै सिक्दै गरिने अवस्थाको श्रृजना आजको सबाल हो । स्वस्थ मनोरञ्जनलाई निषेध गरिनु हुन्न । भय रहित शिक्षण आज अधिक चर्चामा छ । बाल हिंसा कानूनले नै सिधै अस्विकार्य गरेको छ । यौन हिंसा तथा बाल बिवाहलाई दण्डनीय मानिएको छ । सबै प्रकारका हिंसा बिरुद्ध बाल आवाजलाई प्रोत्साहन गरिने भनिएको छ । घर देखि समाज सम्म बालबालिकाको उपयुक्त स्थान अर्को जरुरी पक्ष हो । प्रजातान्त्रिक परिपाटीले बालबालिकालाई सम्बोधन गर्नै पर्छ । प्रजातन्त्र भनेको युवाहरु र बृद्धहरुका लागि मात्र हैन, बालबालिकाको लागि पनि देखिनु पर्दछ ।

४. पछिल्ला वर्षहरुमा बालमैत्री विद्यालय घोषणाको लहर चलेको छ । वडाहरु अनि गाउँपालिकाहरु मात्र हैन, नगरपालिकाहरु पनि बालमैत्री घोषणा गर्नमा प्रतिस्पर्धा गरिरहेका छन् । यो सकारात्मक भन्नै पर्दछ । बालमैत्रीका निर्धारित सूचकहरु मध्ये करिब दुई तिहाई पूरा भएपछि घोषणाका तयारी हुने गरेका छन् । वि.सं. २०७८को जनगणनाले १४ वर्ष मुनीका बालबालिकाहरु कुल जनसंख्याको २८.७ प्रतिशत भएको देखाएको छ । यो संख्या सामान्य होईन । सन २०३० सम्ममा देशका ७५३ वटै स्थानिय पालिकाहरु बालमैत्री घोषणा गरिसक्ने नेपाल सरकारको लक्ष्य रहेको छ । स्थापना दिवसको अवसर पारेर हेटौंडा उपमहानगरपालिका २०८१ फागुन १ गते बालमैत्री उपमहानगर घोषणा भएको हो । मकवानपुरका १० वटा स्थानियतहहरु मध्ये बकैया, मनहरि र मकवानपुरगढी समेत ३ वटा गाउँपालिका यस अघि नै बालमैत्री घोषणा भै सकेका छन् । अन्य जिल्लाहरुममा विभिन्न पालिकाहरु बालमैत्री घोषणा भै सकेका र कतिपय क्रममा छन् । पछिल्लो तथ्याङ्क अनुशार, करिब ३ देखि ४ वर्षका बालबालिकाहरु मध्ये ७२ प्रतिशत मात्र ईसिडि कक्षामा भर्ना भएको भनिएको छ । प्राथमिक तहका उमेर समुहमा पनि अझै करिब १० प्रतिशत केटाकेटीहरु विद्यालय बाहिर रहेको उल्लेख छ । कक्षा १ मा करिब १६ लाख केटाकेटीहरु भर्ना हुँदा १० वर्ष पछि एसईईको परीक्षामा करिब ५ लाख मात्र विद्यार्थी सहभागी भएको तथ्याङ्कले हाम्रो शिक्षा ब्यवस्थामा गम्भिर चुनौति भएको स्विकार्नै पर्दछ ।

५. अन्तमा, बालमैत्री घोषणा कार्यक्रम मात्र कार्यक्रमका लागि र बजेट खर्च देखाएर कार्य सम्पादन मूल्याङ्कनमा पुरस्कृत हुनका लागि एक सिंढी मात्र नबनोस । निकृष्ट बालश्रमको अन्त्य अन्यन्त सान्दर्भिक सवाल हो । केटाकेटीहरुले सिकाईसँग लक्षित सक्दो काम र क्रियाकलापमा भने सहभागी बन्नुलाई अन्यथा भन्न मिल्दैन । विद्यालयमा हुनुपर्ने बालबालिका ईंटा भट्टामा, गिट्टि बालुवा बोक्नमा, होटलमा भाँडा माझ्नमा, सडकमा प्लाष्टिक बटुल्नमा, गाई बाख्रा गोठालामा, घाँस दाउरा बोक्न जंगलमा, खेतबारीको शारीरिक श्रममा, उद्योग कारखानाका मजदूरीमा हुने जस्ता अवस्थाहरु भने पीडादायी हुने भएकाले यी निकृष्ट बालश्रम नै हुन् र अबिलम्व अन्त्य हुनै पर्दछ । त्यस्तै विद्यालय बालमैत्रीका नाममा रत्तिपनि भय नदेखाई सिकाई सबै अवस्थामा सम्भव हुँदैंन । सामान्य त्रास जरुरी पर्न सक्छ । देखासिकीमा दौडेर मात्र हैन, यथार्थ स्थितिको विश्लेषण पहिलो शर्त हो । सम्भव भएका हदसम्म माया र प्रोत्साहन पहिलो शर्त हो । आतङ्क रहित शिक्षणमा कुनै सम्झौता गरिनु हुन्न । सबै क्षेत्रमा हिंसा बर्जित हाम्रो पहिचान बन्नुपर्छ । अरुका लागि हैन, हामीले हाम्रा लागि र हाम्रै मुलुकका लागि गर्ने हो । समृद्ध राष्ट्र निर्माणको अभियानमा बालमैत्रीको मात्र सबाल हैन, युवामैत्री र बृद्धामैत्रीका बारेमा पनि पर्याप्त चर्चा र बहस गरिन बिलम्व भैसकेको छ ।

सामाजिक सञ्जाल प्रयोग

भाइरल हुने मोहले निम्त्याएका ६ प्रवृत्ति

सन्देश भट्टराई

प्रविधिको तीव्र विकाससँगै सामाजिक सञ्जाल दैनिक जीवनको अभिन्न अंग बनिसकेको छ । सूचनाको आदान-प्रदान, सम्पर्क सञ्जाल विस्तार तथा विचार अभिव्यक्तिको सजिलो माध्यम भए पनि यसका केही नकारात्मक पक्षहरू भने समाजमा विकृति फैलाउने कारक बन्न थालेका छन् ।

पछिल्लो समय सामाजिक सञ्जाल प्रयोगकर्तामा देखिएका यी ६ प्रवृत्तिले हाम्रो सोच, संस्कार, मानसिकता, व्यवहार तथा आचरणमा नकारात्मक प्रभाव पारिरहेका छन् ।

भिडियोबाट भाइरल हुने मोह

धेरैभन्दा धेरै सामाजिक प्रयोगकर्ताले 'भाइरल' हुनु ठूलो उपलब्धि ठान्न थालेका छन् । कम मिहिनेतमा चर्चित हुने र आर्थिक लाभ उठाउने माध्यम समेत बनेको छ सामाजिक सञ्जाल । यसका लागि अनावश्यक तथा अक्षम्य सामग्री उत्पादन गर्ने प्रवृत्ति बढ्दो छ । कतिपय व्यक्तिहरू व्यक्तिगत गोपनीयता भंग गरेर, उटपट्याङ हर्कत देखाएर वा अरूलाई अप्ठ्यारोमा पार्ने सामग्री सिर्जना गरेर भाइरल हुन खोज्दैछन् ।

यस्ता भाइरल भिडियोबाट हुने आम्दानी, चर्चित बन्ने चाहना र सामाजिक सञ्जालको एल्गोरिदमले सनसनीपूर्ण सामग्रीलाई प्राथमिकता दिनु यस प्रवृत्तिका प्रमुख कारण हुन् । साथै, थोरै समयमा बढी लोकप्रियता हासिल गर्न खोज्ने मानसिकता पनि यसलाई बढावा दिने तत्व हो ।

समाजमा गलत सूचना तथा अफवाहको तीव्र फैलावटसँगै गलत उदाहरण स्थापित गर्छ, जसले गर्दा धेरै युवाहरु सजिलो तरिकाले प्रसिद्धि कमाउने सोच राख्छन् । अनावश्यक र हानिकारक सामग्रीको वृद्धिले युवामा गलत आदर्श प्रवर्धन हुनुका साथै सामाजिक नैतिकताको ह्रास गराउँदै वास्तविक प्रतिभा र सिर्जनशीलतालाई पछाडि धकेल्छ ।

सतही मूल्याङ्कन र अनावश्यक टीकाटिप्पणी

सूचना प्रवाहको तीव्रताले गर्दा कुनै पनि विषयमा गहिरो अध्ययन वा अनुसन्धान गर्नुभन्दा सतही रुपमा मात्रै मूल्याङ्कन गर्ने प्रवृत्ति बढेको छ । सामाजिक सञ्जालमा कुनै विषय ट्रेन्डिङ हुनासाथ त्यसको वास्तविकता नबुझी या आधिकारिक स्रोतको जानकारी नलिई केवल सुनेका भरमा अनावश्यक टीकाटिप्पणी, आलोचना वा समर्थन गर्ने प्रवृत्ति मौलाएको छ ।

उदाहरणका लागि, कुनै व्यक्तिले दिएको अभिव्यक्ति वा समाचारलाई पूरा सन्दर्भ नबुझी एकथरी समूहले देवत्वकरण र अर्को समूहले राक्षसीकरण गर्ने चलन बढ्दो छ । यसले झुटो सूचना फैलिनुका साथै द्वन्द्व समेत बढाउँछ ।

सूचनाको तीव्र प्रवाह, सामाजिक सञ्जालमा छोटकरीमा प्रस्तुत गरिएका समाचार र मानिसमा गहिरो अध्ययन गर्ने बानीको कमी यस प्रवृत्तिका प्रमुख कारण हुन् ।

यसले समाजमा झुटा अफवाह र गलत जानकारी फैलाउँदै जान्छ जसले गलत धारणा सिर्जना गर्छ । साथै, गहिराइमा नबुझी प्रतिक्रिया दिनाले गलत भाष्य निर्माणको सम्भावना बढ्छ ।

छोटो कन्टेन्ट र भिडियोमा निर्भर

पहिले लामो लेख, पुस्तक, अनुसन्धान-अध्ययन वा विस्तृत समाचार पढ्ने प्रवृत्ति थियो । तर अहिले छोटा भिडियो, रिल्स् वा मिमहरु हेरेरै कुनै पनि विषयमा धारणा बनाउने गरिन्छ । प्राथमिकता पनि यस्तै सामग्रीले पाउने गरेको छ ।

डिजिटल माध्यमको विकासले सूचनामा सहजता ल्याउनुका साथै छिटो जानकारी उपलब्ध हुनुले मानिसलाई सजिलो तरिकाले ज्ञान प्राप्त गर्न प्रेरित गरेको छ । यस्ता सामग्रीले छोटो समयमा धेरै कुरा जान्ने चाहना वृद्धि गर्नुले पनि ध्यान केन्द्रित गर्ने क्षमतामा असर पार्दै लगेको छ । साथै, गहिरो अध्ययनको संस्कृतिलाई कमजोर बनाइरहेको छ ।

यस्ता सतही उपभोग प्रवृत्तिले आलोचनात्मक सोच, समाजमा बौद्धिकता घटाउने, तार्किक क्षमतामा गिरावट ल्याउने र तथ्यभन्दा भावनामा बहकिने प्रवृत्ति बढाउने खतरा हुन्छ ।

अधिकांश समय सामाजिक सञ्जालमा

युवा पुस्ताको जीवनशैली नै बनिसकेको छ सामाजिक सञ्जाल । विशेषगरी युवाहरुले घण्टौं फेसबुक, टिकटक, इन्स्टाग्राम, ट्विटर जस्ता सञ्जालमा समय बिताउँछन् । प्रत्यक्ष मानव सम्पर्क घट्दै गएको छ । वास्तविक जीवनका अनुभवहरु कम हुँदै गएका छन् ।

सामाजिक सञ्जालमा उपलब्ध मनोरञ्जन, डिजिटल प्लेटफर्मको एल्गोरिदमले प्रयोगकर्तालाई निरन्तर अनलाइन रहन बाध्य बनाउँछ ।

यस्ता प्रवृत्तिले उत्पादकत्व घटाउँछ, सामाजिक तथा पारिवारिक सम्बन्धमा दूरी देखिनुका साथै तनाव, डिप्रेसन र एक्लोपन हुने जस्ता मानसिक स्वास्थ्यमा

...बाँकी पृष्ठ ३ मा

जालपादेवी माविको भवन शिलान्यास

~~म्यान अफ द म्याच घोषित हुँदै ट्रफी र नगद १० हजार रुपैयाँ ग्रहण गर्दै विमल घिसिङ।~~

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाको जालपादेवी माध्यमिक विद्यालयमा नयाँ भवन निर्माण शिलान्यास गरिएको छ। गाउँपालिका वडा नम्बर-६, डुम्रेकुनास्थित जालपादेवी माध्यमिक विद्यालयमा नयाँ भवन निर्माणका लागि शिलान्यास गरिएको हो।

बिहीबार एक कार्यक्रमका बीच नेकपा एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौलाले भवन निर्माण कार्यको शिलान्यास गर्नुभएको छ। जालपादेवी माविमा लामो समयदेखि पुरानो ट्रस (जस्ताको छानो) हालेको पानी चुहिने भवनमा विद्यार्थी बस्दै आएकोमा उक्त भवन भत्काएर नयाँ भवन निर्माण कार्य सुरु गरिएको विद्यालयका प्रधानाध्यापक राजुप्रसाद गौतमले जानकारी दिनुभएको छ।

४/४ कोठाको पुरानो भवनलाई भत्काएर ३ तल्ले १२ कोठे भवन निर्माण गर्न लागिएको प्रधानाध्यापक गौतमले बताउनुभयो। संघीय सहरी विकास मन्त्रालयको १ करोड ५३ लाख रुपैयाँ बजेटमा निर्माण कार्यलाई अगाडि बढाइएको उहाँले बताउनुभयो। आगामी असार मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने गरी भवन निर्माणका लागि सम्झौत गरिएको उहाँले बताउनुभयो। कक्षा नर्सरीदेखि कक्षा-१० सम्म पठनपाठन हुने विद्यालयमा ४ सय ३४ जना विद्यार्थी अध्ययनरत रहेको उहाँले बताउनुभयो।

विद्यालयमा अहिले भवन भत्किएका कारण शौचालयको समस्या परेको उहाँले बताउनुभयो। विद्यालयका विद्यार्थीका लागि अंग्रेजी माध्ययममा पनि कक्षा सञ्चालन गरिएको उहाँले बताउनुभयो। दुप्चेश्वर इन्फ्रास्ट्रक्चर प्रालिले गत पुस १८ गते ९३ लाख ५४ हजार ७ सय ५१ रुपैयाँ बजेटमा निर्माण गर्नेगरी भवन निर्माणको सम्झौता गरेको उहाँले बताउनुभयो।

गर्मी मौसममा पढ्न नसक्ने, पर्खाल भत्किएको कारणले पानी पर्ने र विद्यार्थीलाई पढाइको समयमा समस्या पर्ने कारणले भवन निर्माणलाई अगाडि बढाइएको उहाँले बताउनुभयो। विद्यालयले गत वर्षबाट बागमती प्रदेशको अनुदानमा सिक्दै, कमाउँदै कार्यक्रम सञ्चालन गरेको उहाँले बताउनुभयो। विद्यालयमा विषयगत प्रयोगशाला सञ्चालन गरेको उहाँले बताउनुभयो।

जालपादेवी माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष नरबहादुर स्याङ्तानको सभाध्यक्षमा भएको भवनको शिलान्यास कार्यक्रममा गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, पूर्वअध्यक्ष विदुर हुमागाईं, नेकपा एमाले गाउँपालिका कमिटी अध्यक्ष जीतबहादुर घिमिरे, ६ नम्बर वडाका पूर्वअध्यक्ष टीकाप्रसाद दहाल, ६ नम्बर वडा सदस्य जीतबहादुर घलान, विद्यालय व्यवस्थापन समितिका सल्लाहकार कृष्णप्रसाद सुवेदी, शिक्षक अभिभावक संघ संयोजक प्रदीप स्याङ्तान, सदस्य सीता सापकोटा, पूर्वप्रधानाध्यापक शिवप्रसाद पाण्डे, मनकाजी घलान, शिक्षक प्रतिनिधि भवनाथ गौतम, शिक्षक, अभिभावकहरुको उपस्थिति रहेको थियो।

पशुपतिनाथ माविको प्रअमा सपना

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिका-४, मसिनेस्थित पशुपतिनाथ माध्यमिक विद्यालयको प्रधानाध्यापकमा सपना लामा नियुक्त हुनुभएको छ। बिहीबार विद्यालय व्यवस्थापन समितिको बैठकले लामालाई प्रधानाध्यापकको जिम्मेवारी दिने निर्णय गरेको हो। यसअघि गत माघ १४ गते भानुभक्त आचार्यले प्रधानाध्यापकको पदबाट दिनुभएको राजिनामा स्वीकृत भएको थियो। आचार्यले पशुपतिनाथ माविमा १७ वर्ष प्रधानाध्यापकको जिम्मवारी निर्वाह गर्नुभएको थियो।

प्राथमिक तहको स्थायी शिक्षक सपना लामा २०८० असार १० गतेबाट पशुपतिनाथ माविमा पढाउन सुरु गर्नुभएको हो। पशुपतिनाथ माविमा लामासहित ७ जना प्राथमिक तहको स्थायी शिक्षक हुनुहुन्छ भने राहत र अनुदान कोटामा २ जना माध्यमिक तहका शिक्षक हुनुहुन्छ। यस्तै निमावि तहमा ३ जना राहत कोटाका शिक्षक हुनुहुन्छ। ६ सय भन्दा बढी संख्यामा विद्यार्थी भएको विद्यालयमा २०८० सालको एसईईमा एक जना पनि विद्यार्थी उत्तीर्ण हुन सकेको थिएन।

नवनियुक्त प्रधानाध्यापक सपना लामाले यस वर्षको एसईईमा राम्रो नतीजा हासिल हुने बताउनुहुन्छ। विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थीले विश्वास गरेर आफूलाई प्रधानाध्यापकको जिम्मेवारी दिएको उल्लेख गर्नुहुँदै लामाले भन्नुभयो, 'सबैको विश्वास र सकारात्मक दृष्टिकोण राख्ने शिक्षक वर्गको साथ र सहयोगमा विद्यालयको शैक्षिक सुधारका लागि राम्रो काम गर्न सक्ने ठानेकी छु।'

अंग्रेजी साहित्यमा स्नात्तकोत्तर उपाधि हासिल गर्नुभएकी लामाले यसअघि १७ वर्ष निजी विद्यालयमा अध्यापन गर्नुभएको थियो भने मावि अनुदान कोटामा हेटौँडा-१४ स्थित भृकुटी मावि र प्रावि राहतकोटामा कैलाश गाउँपालिका-१ स्थित गुप्तेश्वरी आधारभूत विद्यालयमा पढाउनुभएको छ। २०८० सालमा शिक्षक सेवा आयोगको परीक्षामा उत्तीर्ण हुनुभई लामाले पशुपतिनाथ माविबाटै स्थायी सेवा सुरु गर्नुभएको हो।

प्रज्ज्वल शिक्षा सदनको अभिभावक दिवस सम्पन्न

समाज संवाददाता

हेटौंडाः हटौंडा-६ स्थित प्रज्ज्वल शिक्षा सदन इङ्लिस स्कूलको ३५ औं अभिभावक दिवस सम्पन्न भएको छ। विभिन्न सांस्कृतिक कार्यक्रम र खेलकुद आयोजना गरी वार्षिक उतसव सम्पन्न गरेको हो।

विद्यालय व्यवस्थापक समितिका अध्यक्ष शम्भु रिमालको सभाध्यक्ष तथा वडा अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यमा कार्यक्रम सञ्चालन भएको हो। सो अवसरमा बालबालिकालाई सफा पोशाक लगाएर विद्यालय पठाउने एक अभिभावकलाई सम्मान गरिएको छ।

विद्यालयलाई २ हजार लिटरको पानी ट्याङ्की सहयोग गर्ने राजदेव बानियाँ र स्टिलको १ हजार लिटरको पानी ट्याङ्की सहयोग गर्ने श्याम बानियाँलाई प्रमाणपत्रसहित सम्मान गरिएको छ। विद्यालयको सभाहलका लागि कार्पेट सहयोग गर्नुहुने अजित थापालाई पनि सम्मान गरिएको छ।

नियमित शुल्क बुझाउने अभिभावकलाई पनि सम्मान गरिएको छ। अभिभावकतर्फको म्युजिकल दौडमा प्रथम, द्वितीय र तृतीय हुनेलाई सम्मान गरिएको थियो। विद्यालयमा सबैभन्दा धेरै अवधिदेखि सेवा गर्दै आउनु भएकी लक्ष्मी तिमल्सिनालाई नगद ५ हजारसहित सम्मान गरिएको छ। कक्षा ५ सम्म सञ्चालित विद्यालयमा हाल १ सय ३७ जना विद्यार्थी अध्यनरत छन्। यो सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय हो।

५१ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले निकट संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुर बहुमुखी क्याम्पस कमिटीको आयोजनामा रक्तदान कार्यक्रम भएको छ। बिहीबार हेटौँडा-२ स्थित क्याम्पस परिसरमा भएको कार्यक्रममा ५१ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा १२ जना महिला र ३९ जना पुरुषले रक्तदान गरेका हुन्। रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो। अनेरास्ववियु क्याम्पस कमिटीका संयोजक प्रसिद्ध रेग्मीको सभाध्यक्षमा तथा अनेरास्ववियु केन्द्रीय कमिटी सदस्य आकाश अधिकारीको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो।

कार्यक्रममा प्रदेश कमिटी सदस्य भूपेन्द्र राना मगर, जिल्ला कमिटी उपाध्यक्ष नवराज शर्मा पौडेल, शिव पुलामी मगर, जिल्ला कमिटी सहसचिव जस्प्रिता अधिकारी, अनेरास्ववियु मकवानपुर बहुमुखी क्याम्पस इकाई कोषाध्यक्ष ईशा पाख्रिनको उपस्थिति रहेको थियो।

सामाजिक सञ्जाल...

नकारात्मक प्रभाव पार्छ र वास्तविक सामाजिक सम्बन्धहरु कमजोर बनाउँछ।

घटना भएलगत्तै हल्लाखल्ला मच्चाउने प्रवृत्ति

सामाजिक सञ्जालमा केही घटना भएलगत्तै त्यसलाई बढाइचढाइ गरेर हल्लाखल्ला मच्चाउने वा कुनै व्यक्ति/संस्थालाई दोष दिने प्रवृत्ति व्यापक रूपमा देखिन्छ। कुनै घटना पुष्टि हुन नपाउँदै सामाजिक सञ्जालमा आक्रोश पोख्ने, गलत सूचना फैलाउने र विना प्रमाण आरोप लगाउने गरेको पाइन्छ। कसैलाई अपमानजनक टिप्पणी गर्ने वा 'क्यान्सल कल्चर' को शिकार बनाउनुका साथै अनावश्यक रुपमा डर र तनाव फैलाउने गरेको समेत देखिन्छ।

२०७९ सालको पोखरा विमान दुर्घटनालाई यसको एउटा उदाहरणका रुपमा लिन सकिन्छ। दुर्घटनापछि केही मिनेटमै फेसबुक, ट्विटर र टिकटकमा विभिन्न अड्कलबाजी, गलत विवरणहरु फैलिन थाले। केही व्यक्तिले विमान दुर्घटनालाई नियोजित भनेर दाबी गरे भने कतिपयले पाइलटको लापरबाहीलाई मुख्य कारण ठहऱ्याए। जबकि त्यो अनुसन्धानमै समय लाग्ने विषय थियो।

यसरी सामाजिक सञ्जालमा हल्लाखल्ला मच्चाउँदा पीडित परिवार थप मानसिक तनावमा पर्ने, गलत सूचना फैलिएर अनावश्यक डर र अन्योल सिर्जना हुने अवस्था देखिन्छ।

अराजकतालाई निम्तो

सामाजिक सञ्जाल सूचना आदान-प्रदान गर्ने सशक्त माध्यम भए पनि यसलाई गलत तरिकाले प्रयोग गरिंदा अराजकता निम्त्याउने खतरा रहन्छ। गलत सूचना, अफवाह र आधारहीन समाचारले समाजमा अशान्ति बढाउन सक्छ।

भाइरल हुन, टीकाटिप्पणी गर्न वा ध्यानाकर्षण गर्न केही व्यक्तिहरु सामाजिक सञ्जालमा उच्छृंखल व्यवहार देखाउँछन्। समाजमा अनावश्यक विवाद सिर्जना र कानुनको उल्लङ्घन गर्ने कार्यहरु पनि सामाजिक सञ्जालबाटै उत्पन्न हुन थालेका छन्।

जातीय एवं धार्मिक द्वन्द्व भड्काउने सामग्री, कुनै पनि व्यक्ति वा संस्थालाई हानि पुऱ्याउने खालका पोस्ट गर्ने, कसैलाई बदनाम गर्न झुटा आरोप लगाउने लगायत विभिन्न व्यक्तिगत आक्रोश, सामाजिक वा राजनीतिक विषयमा कुनै समूह वा व्यक्तिलाई लक्षित गरेर द्वेषपूर्ण टिप्पणी गर्ने र हिंसात्मक विचार फैलाउने गतिविधि अराजकताको उदाहरण हुन्।

यस्ता प्रवृत्तिले समाजमा घृणा, वैरभाव तथा द्वन्द्वको वृद्धि, सामाजिक मर्यादा र नैतिकताको ह्रास हुनुका साथै समाजमा अस्थिरता र कानुनी समस्या सिर्जना गर्न सक्छ, जसले सामाजिक सद्भावलाई नकारात्मक रुपमा असर गर्छ।

निष्कर्ष

सही रुपमा उपयोग गर्न सकेमा ज्ञान, सूचना र सकारात्मक प्रभाव फैलाउने उत्कृष्ट माध्यम हो सामाजिक सञ्जाल। प्रयोगकर्ता स्वयंले सामाजिक सञ्जाललाई नियन्त्रणमा लिई प्रयोग गर्न जान्नुपर्छ।

सन्तुलित रूपमा प्रयोग गरे धेरै हदसम्म सामाजिक सञ्जालको नकारात्मक प्रभावबाट टाढा रहन सकिन्छ। डिजिटल युगमा सचेत र जिम्मेवार नागरिक बनेर मात्र सामाजिक सञ्जाललाई सभ्य र सुसंस्कृत समाज निर्माणको माध्यम बनाउन सकिन्छ।

(लेखक तिलोत्तमा क्याम्पस रूपन्देहीमा बीबीए छैटौं सेमेस्टरमा अध्ययनरत छन्। स्रोतः अनलाईखबर)

asianpaints

बोलपत्र माध्यमबाट स्क्रयाप बिक्री सम्बन्धी सूचना

हेटौडा औद्योगिक क्षेत्रमा अवस्थित बहुराष्ट्रिय कम्पनि एशियन पेन्टस नेपाल प्रा. लि. को उद्योग सञ्चालनका क्रममा निस्कने बिभिन्न स्क्रयाप सामाग्रीहरु बोलपत्र प्रकृया मार्फत बिक्री गरिने भएकोले इच्छुक फर्म वा कम्पनीले कम्पनीको आधिकारिक (Website) मा दिइएको उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही २०८१ फाल्गुन २५ गते भित्र कोटेशन पेश गर्नु हुन आव्हान गरिन्छ। बोलपत्रको बिस्तृत जानकारी र बोलपत्र फर्म कम्पनीको वेभसाईट ठेगाना https://www.asianpaintsnepal.com/footer–links/tendernotice.html मा दिइएको छ।



MAKAWANPUR BAL BIDYA SADAN
KHADKULE, HETAUDA-18
"WORK WITH MIND, BUT BY HEART"

WE ARE
HIRING

Open Positions	Qualification	Requirement
Co-ordinator • Math/ Science	• Bachelor's in Science or Mathematics (**Master's preferred**)	• Prior teaching experience preferred • Ability to mentor teachers and students • Well-versed in the **STEM-based** learning approach • Strong leadership and organizational skills
Language Teacher • English (Basic level) • Nepali (**Basic Level**) • Nepali (**Secondary level**)	• Minimum +2 (**Bachelor's preferred**) • BA/ B.Ed. (**Nepali Major**) • MA/M.Ed. (**Nepali Major**)	• Minimum **2 years** of teaching experience. • Strong command of language, grammar, **phonetics and literature** • Ability to create an engaging and interactive learning environment

Apply Now

Send Your Resume To :
mbbshtd18@gmail.com

Find us on facebook:
www.facebook.com/mbbshtd18

Interested candidates should submit a resume/CV and cover letter outlining their qualifications and teaching philosophy via mail or drop off their application at school during school hours. Before 2081-Falgun-15.
(**Residential facility** available for selected candidates from outside Hetauda)
(**Transportation allowance** may be provided if necessary)

☎ 9840504446, 9855013977

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

अनुपम घलान स्मृति यु-१६ फुटबल

हेटौँडा-१५, १२ र १९ सेमीफाइनलमा

म्यान अफ द म्याचको ट्रफी हस्तान्तरण गर्नुहुँदै नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरे ।

समाज संवाददाता

हेटौँडा : हेटौंडामा जारी पहिलो संस्करणको अनुपम घलान स्मृति यु-१६ नगरस्तरीय फुटबल प्रतियोगितामा क्वार्टरफाइनल चरणको ३ खेलहरु सम्पन्न भएको छ । नगर खेलकुद विकास समितिको आयोजनामा हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा बिहीबार भएको खेलमा जीत निकाल्दै हेटौँडा-१५, हेटौँडा-१२ र हेटौँडा-१९ नम्बर वडाको टिम सेमीफाइनलमा प्रवेश गरेको हो ।

पहिलो क्वार्टरफाइनल खेलमा हेटौँडा-६ लाई हेटौँडा-१५ ले टाइब्रेकरमा ५-४ गोलले हराएको छ। निर्धारित समयमा एक/एक गोलको बराबरी भएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनु परेको थियो। हेटौँडा-६ का लागि २५ औं मिनेटमा अनुज राईले गोल गर्दै अग्रता दिलाए भने हेटौँडा-१५ बाट दोस्रो हालको ३८ औं मिनेटमा असिम वाईवाले गोल गर्दै खेललाई बराबरीमा पुऱ्याएका थिए।

६ नम्बरका लागि टाईब्रेकरमा नितेश राई, अनुज राई, लिसेन गुरुङ, संगम चौलागाईले गोल गरे भने योगेश राईको प्रहार गोलमा परिणत हुन सकेन। हेटौँडा-१५ को तर्फबाट रेहान घलान, नविन लो, प्रज्वल लामा, कविर वाईबा, रोहित डिम्डुङ्गले गोल गरे। म्यान अफ द म्यान ६ नम्बरका अनुज राई घोषित भए।

बिहीबार नै भएको दोस्रो क्वार्टरफाइनल खेलमा हेटौँडा-९ लाई हेटौँडा-१२ ले ३-१ गोलअन्तरले हराएको छ। हेटौँडा-९ को तर्फबाट खेलको २३ औं मिनेटमा बिप्लव बोहोराले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । हेटौँडा-१२ का लागि २५ औं मिनेटमा आदित्य मोक्तानले गोल गर्दै खेललाई बराबरीमा पुऱ्याए। दोस्रो हाफको ५३ औं मिनेटमा हेटौँडा-१२ का उर्गेन रुम्बाले गोल गर्दै टिमलाई अग्रता दिलाए। खेलको अन्त्यतिर आदित्य मोक्तानले व्यक्तिगत दोस्रो तथा टिमका लागि तेस्रो गोल गरे। म्यान अफ द म्याच आदित्य मोक्तान घोषित भए ।

बिहिबार भएको तेस्रो खेलमा हेटौँडा-१९ ले हेटौँडा-८ लाई टाइब्रेकरमा ४-३ गोलअन्तरले हराएको छ। खेलको निर्धारित समयमा एक-एक गोलको बराबरी भएपछि खेल टाइब्रेकरमा पुगेको थियो । हेटौँडा-१९ बाट पहिलो हाफको २१ औं मिनेटमा पेम्वा बलले गोल गर्दै अग्रता दिलाएका थिए । पहिलो हाफको २३औं मिनेटमा हेटौँडा-८ का सन्देश देउलाले गोल गर्दै खेल बराबरीमा पुऱ्याए। म्यान अफ द म्याच हेटौँडा-१९ का विवेक भोलन घोषित भए ।

प्रतियोगिता अन्तर्गत शुक्रबार क्वार्टरफाइनल चरणको अन्तिम खेलमा हेटौँडा-११ र हेटौँडा-१८ बीच प्रतिस्पर्धा हुनेछ भने दिउँसो सेमीफाइनल चरणको खेलहरु सञ्चालन हुनेछ। गत असोजमा पहिरोमा परेर निधन भएका एन्फा एकेडेमीमा आवद्ध हेटौँडा-१२ का अनुपम घलानको स्मृतिमा हेटौँडा उपमहानगरपालिकाले प्रतियोगिता आयोजना गरेको हो।

१० वटा टिम सहभागी प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले क्रमशः एक लाख र ७० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गर्नेछन्।

बागमतीलाई हराउँदै मछिन्द्र सेमिफाइनलमा

बल नियन्त्रणमा लिने प्रयास गर्दै खेलाडी ।

समाज संवाददाता

हेटौँडा : साविक विजेता मछिन्द्र क्लब बागमती गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। बिहीबार को खेल जित्दै सातौं 'ए' डिभिजन क्लब मछिन्द्र संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो ।

बिहीबार बागमती-४ स्थित सहिद स्मृति रंगशालामा भएको अन्तिम क्वार्टरफाइनल खेलमा सर्लाही जिल्लाको बागमती युवा क्लबलाई १-० गोलअन्तरले हराउँदै मछिन्द्र सेमिफाइनलमा प्रवेश गरेको हो । मछिन्द्रको जीतमा खेलको ४३ औं मिनेटमा रेजिन सुब्बाले पेनाल्टी मार्फत गोल गरे । बागमतीका खेलाडी हेमन्त भुजेलले खेलको ४२ औं मिनेटमा गोललाइनमा हातले बल रोकेपछि रेफ्रीले पेनाल्टी दिएका थिए । उक्त मौकालाई सदुपयोग गर्दै सुब्बाले गोल गरेका हुन् । म्यान अफ द म्याच मछिन्द्रकै शिशिर लेखी घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे ।

प्रतियोगितामा आयोजकलाई हराउँदै बागमती युवा क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको थियो भने मछिन्द्रले सिधै क्वाटरफाइनल खेलेको हो। मछिन्द्र गत संस्करणको विजेता टोली हो । गत संस्करणमा एपीएफलाई हराउँदै मछिन्द्रले उपाधी हात पारेको थियो । फागुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैयाँसहित ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ।

कैलाशमा राष्ट्रपति रनिङ्ग शिल्डको उपाधि भवानी माविलाई

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा भएको पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको उपाधि भवानी माध्यमिक विद्यालयले जितेको छ । बिहीबार सम्पन्न पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको उपाधि वडा नम्बर-३ को भवानी माविले जितेको हो ।

उपाधि जितेको भवानी माध्यमिक विद्यालयले ९ वटा स्वर्ण, एउटा रजत र २ काँस्य पदक प्राप्त गरेको छ । प्रतियोगिता भवानी माविकै खेल मैदानमा भएको थियो । गाउँपालिकाको आयोजना तथा खेलकुद विकास समितिको व्यवस्थापनमा २ दिनसम्म सञ्चालन भएको प्रतियोगितामा गाउँपालिकाको ६ वटा विद्यालयका विद्यार्थीको सहभागिता रहेको थियो ।

उपविजेता बन्न पुगेको कमलादेवी माध्यमिक विद्यालयले ४ स्वर्ण पदक र एउटा काँस्य पदक प्राप्त गरेको छ। तृतीय भएको कालिका माध्यमिक विद्यालयले २ वटा स्वर्ण, ४ वटा रजत र ६ वटा काँस्य पदक प्राप्त गरेको छ ।

राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता अन्तर्गत हाइजम्प खेलमा छात्रातर्फ समूना मल्ल, गोमा बर्तौला र रुथ जिम्बा क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । छात्रतर्फको हाइजम्पमा नमराज मुक्तान, उसप मुक्तान र विशाल मोक्तान क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । सटपुट खेलको छात्रातर्फ सरिता सुनार प्रथम, भीममाया गुरुङ द्वितीय र लक्ष्मी थोकर तृतीय भएका छन् भने छात्रतर्फ अजित थिङ प्रथम, उदय मुक्तान द्वितीय र साजनकुमार वाईवा तृतीय भएको कैलाश खेलकुद विकास समितिका सदस्यसचिव तथा शिक्षा शाखा प्रमुख समीर जोशीले जानकारी दिनुभएको छ ।

ज्याभलिङ थ्रो खेलमा छात्रातर्फ मुना गुरुङ प्रथम, प्रियन्ना थिङ द्वितीय र मनिषा मुक्तान तृतीय भएका छन् भने छात्रतर्फ नवराज मुक्तान प्रथम, दिवाकर प्रजा द्वितीय र सोनाम घिसिङ तृतीय भएका छन्। लङ्गजम्पको छात्रातर्फ समूना मल्ल प्रथम, विनिता थिङ द्वितीय र गोमा बर्तौला तृतीय भएका छन्। ८ सय मिटर दौडको छात्रतर्फ अनक मुक्तान प्रथम, विकास थिङ द्वितीय र विप्लव घिसिङ तृतीय भएका छन्। प्रतियोगिताको ४ सय मिटर दौडको छात्रातर्फ सदीक्षा गुरुङ प्रथम, रेश्मा स्याङ्बो द्वितीय र सञ्चमाया मुक्तान तृतीय भएका छन् । छात्रतर्फ ४ सय मिटर दौडमा रमन थिङ प्रथम, सुरेश खड्का द्वितीय र सुनिल प्रजा तृतीय भएका छन् ।

२ सय मिटर दौडको छात्रातर्फ सविना वाईवा प्रथम, मनिषा नेगी द्वितीय र मनमाया बुलुन तृतीय भएका छन्। २ सय मिटर दौडको छात्रतर्फ आमोश चेपाङ प्रथम, सुदीप मुक्तान द्वितीय र दिवाकर प्रजा तृतीय भएका छन्। एक सय मिटर दौडको छात्रातर्फ प्रकृति सुवेदी प्रथम, गोमा बर्तौला द्वितीय र सविना वाईवा तृतीय भए भने छात्रतर्फ विकास थिङ प्रथम, विकास परियार द्वितीय र निमा थिङ तृतीय भएको शिक्षा शाखा प्रमुख जोशीले बताउनुभयो ।

भलिबल खेलमा कमलादेवी माध्यमिक विद्यालय विजेता बन्दा धुवाङ माध्यमिक विद्यालय उपविजेता बनेको छ। खेलकुद विकास समितिका संयोजक मोहन वाईवाको सभाध्यक्षता तथा पालिका अध्यक्ष लोकबहादुर मोक्तानको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन तथा पुरस्कार वितरण समारोह भएको थियो । प्रतियोगितामा कमलादेवी मावि कैलाश-२, भवानी मावि कैलाश-३, व्यास मावि कैलाश-६, धुवाङ्ग मावि कैलाश-८, कालिका मावि कैलाश-९ र रत्नज्योति मावि कैलाश-१० का विद्यार्थीहरुले सहभागिता जनाएको खेलकुद विकास समितिले जनाएको छ।

भीमफेदी गाउँपालिकास्तरीय भलिबको उपाधि चिउरी बगैंचालाई

समाज संवाददाता

हेटौँडाः मकवानपुरको भीमफेदी गाउँपालिकामा भएको पालिकास्तरीय खुला पुरुष भलिबल प्रतियोगिताको उपाधि गाउँपालिका वडा नम्बर-४ स्थित चिउरी बगैंचा युवा क्लबले जितेको छ। बुधबार सम्पन्न भएको प्रतियोगिताको फाइनल खेलको उपाधि चिउरी बगैंचा युवा क्लबले जितेको हो।

भीमफेदी युवा क्लब 'ए'लाई चिउरी बगैंचा युवा क्लबले ३-१ को सेटले पराजित गरेको छ । उपाधि जितेसँगै चिउरी बगैंचाको टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता भीमफेदीको टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगिताका विजेता र उपविजेता टिमलाई भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले पुरस्कार हस्तान्तरण गर्नुभएको थियो। प्रतियोगिताको सर्वोकृष्ट खेलाडी चिउरी बगैंचाका सागर थापा, उदीयमान खेलाडी निब्टा क्लबका देविस लामा, उत्कृष्ट सेटर सिक्स ब्रदर्शका जन लामा र उत्कृष्ट स्पाइकर भीमफेदीका इमु अमात्य घोषित भएका छन्। विधागत उत्कृष्ट खेलाडीहरुले ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन्।

मंगलबार भएको क्वार्टरफाइनल चरणको खेलहरुमा जीत निकाल्दै ६ ब्रदर्श भैंसे, भीमफेदी ए, निब्टा क्लब र चिउरी बगैंचा सेमीफाइनलमा प्रवेश गरेको थियो । ६ ब्रदर्शले कालिकाटार युवा क्लबलाई २-० को सोझो सेटले पराजित गरेको थियो। दोस्रो खेलमा पान्द्राङ युवा क्लब भैंसेलाई भीमफेदी ए ले २-० को सोझो सेटले पराजित गरेको थियो। तेस्रो खेलमा भीमफेदी युवा क्लब बी लाई २-० को सोझो सेटले निब्टा क्लबले पराजित गरेको थियो। यस्तै, चौथो खेलमा सुपिङ युवा क्लबलाई चिउरी बगैंचाले २-० को सोझो सेटले पराजित गरेको थियो।

निब्टा क्लबका अध्यक्ष दिनेश लामाको सभाध्यक्षमा भएको समापन कार्यक्रममा पालिकाका उपाध्यक्ष सञ्जीव श्रेष्ठ, ४ नम्बर वडाध्यक्ष सागर पाण्डे, ५ नम्बर वडाध्यक्ष जाहार सिंह लामा, जिल्ला समन्वय समिति मकवानपुरका पूर्वउपप्रमुख भगवती पुडासैनीलगायतको उपस्थिति रहेको थियो।

बुधबार दिउँसो सम्पन्न भएको पहिलो सेमीफाइनल खेलमा आयोजक निब्टा क्लबलाई ३-० को सोझो सेटले हराउँदै चिउरी बगैंचा क्लब फाइनलमा प्रवेश गरेको थियो भने बुधबारै सम्पन्न भएको सेमीफाइनल खेलमा सिक्स बदर्श भैंसेलाई ३-० को सोझो सेटले हराउँदै भीमफेदी युवा क्लब फाइनलमा प्रवेश गरेको थियो । भीमफेदी गाउँपालिकाको आर्थिक सहयोग तथा निब्टा क्लबको आयोजनामा आइतबारबाट सुरु भएको प्रतियोगितामा ११ वटा टिमले सहभागिता जनाएको प्रतियोगिताका संयोजक अनिल अधिकारीले जानकारी दिनुभयो। क्लबले राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा विगत वर्षदेखि विभिन्न कार्यक्रम आयोजना गर्दै आएको संयोजक अधिकारीले बताउनुभयो । प्रतियोगिताका लागि गाउँपालिकाले ३ लाख रुपैयाँको बजेट सहयोग गरेको उहाँले बताउनुभयो।

- पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
- जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
- ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ